# जीतपुरसिमराउपमहानगरपालिका

**अनुसूची १**

**(पाँचौं नगरसभाको निर्णय नं.१ सगँ सम्बन्धित)**

## आ.व. २०७८/०७९ को

## <u>नीति तथा कार्यक्रम</u>

१. जीतपुरसिमरा उपमहानगरपालिकाको पांचौं नगरसभामा पाल्नु हुने आमन्त्रित व्यक्तित्वहरु, उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, कार्यपालिकाका सम्पूर्ण सदस्यहरुमा हार्दिक अभिवादन गर्दछु । यस क्षणमा कोभिड १९ को दोस्रो लहरको प्रतिकुलता, वर्षात एवम् अन्य प्रतिकुलता एवम् चुनौतिहरुलाई चिर्दै यहांसम्म आइपुग्न सहयोग गर्नुहुने सबैप्रति हार्दिक स्वागतसमेत गर्दछु ।

२. यस क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्रसहितको संविधान प्राप्तिपछि जीतपुरसिमरा उपमहानगरपालिकाको यो पांचौ नगरसभामा यहांहरु समक्ष प्रस्तुत हुन पाउदा हामीलाई गौरव अनुभूति भएको छ । यस क्षणमा परिवर्तनका लागि विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने समस्त ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै परिवर्तनका लागि योगदान गर्नुहुने सबैप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । कोभिड १९ को पहिलो र दोस्रो लहरका कारण झण्डै तेइस करोड संक्रमित र करीव ४६ लाखको मृत्यू भएको छ । नेपालमा मात्रै करीव आठ लाख नागरिक संक्रमित भएका छन जसमध्ये करीव एघार हजारले जीवन गुमाएका छन । जीतपुरसिमरामा पनि सयौं नागरिक कोरोनाबाट प्रभावित भएका छन । कोरोनाकै कारण नगरसभा एवम् वडा नं. ५ का सदस्य लक्ष्मण चौधरी र कार्यालयका प्रशासकीय अधिकृत गौतमप्रसादको दुखद निधन भएको छ । विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारीले सम्पूर्ण मानवजातिलाई नै चुनौती दिएको छ । यसबाट स्वदेश तथा विदेशमा जीवन गुमाएका सम्पूर्ण नेपालीलगायत सवै मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना अर्पण गर्दछु । साथै संक्रमित सबै नागरिकको शिघ्रस्वास्थ्य लाभको कामना गर्दछु । कोरोना भाइरस, लकडाउन र विविध कारणले पांचौ नगरसभा निर्धारित समयमा आरम्भ गर्न नसकिएकोप्रति क्षमाप्रार्थी छु ।

३. सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको बलिदानीपूर्ण संघर्ष, जनयुद्ध, मधेश आन्दोलन, जनजाती आन्दोलन र विभिन्न समयका अन्य आन्दोलनहरु र अभिमतबाट प्राप्त उपलव्धिहरुलाई संस्थागत गर्नका लागि जननिर्वाचित संविधानसभाले जारी गरेको संघीय लोकतान्त्रिक गणतन्त्र र जनउत्तरदायी शासन प्रणाली सहितको संविधान र प्रचलित कानूनका आधारमा स्थानीय तहको तर्फबाट यस सार्वभौम नगरसभामा चालु आ. व. २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव अनुभूति गरेको छु ।

४. जीतपुरसिमराका सबै भूगोलको समग्र विकास र उपमहानगरपालिका तहमा ल्याउनका लागि योगदान गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरुको योगदानप्रति सम्मान जाहेर गर्दछु । वि. सं. २०७१ सालमा गढीमाई नगरपालिका बनेको आवश्यक पूर्वाधार विकास नहुदै उपमहानगरपालिकामा स्तरोन्नति भएको र यसको समग्र विकास, समृद्धि र सामाजिक न्यायको कार्यदिशा अघि बढाउन र यहांका समस्त नागरिकको सुखी जीवन निर्माणका लागि यो जिम्मेवारी र कार्यभार दिनुहुने सबै नगरवासी बुवाआमा, दाजुभाइ दिदीबहिनीहरु, शुभेच्छुक र सरोकार पक्षहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै जीतपुरसिमरा उपमहानगरपालिकालाई अघि बढाउनका लागि कार्यपालिका, नगरसभा, कर्मचारी तथा विभिन्न क्षेत्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग र रचनात्मक भूमिका निर्वाह गर्नुहुने सबैप्रति हार्दिक कृतज्ञता जाहेर गर्दछु । यस विषम परिस्थितीबाट जिवनरक्षाका लागि सरकारबाट लिइएको नीतिको परिपालनाका लागि सवैलाई धन्यवाद दिदै थप सतर्कता र संयमता अपनाउन समेत अपिल गर्दछु ।

५. जीतपुरसिमराको गौरवपूर्ण ईतिहास, तीव्र विकासको छोटो अनुभव र बहुआयामिक सम्भावनाका आधारमा उपमहानगरपालिका बनेको छ । साविक भवानीपुर, जीतपुर, पिप्रासिमरा, डुमरवाना, अमलेखगञ्ज, छातापिप्रा, फत्तेपुर र इनर्वासिरा गाविसको पुरै भूभाग र मनहर्वा, हरैया, रामपुरटोकनी र प्रष्टोकाको आंशिक हिस्सा यो उपमहानगरमा समेटिएको छ । जीतपुर र सिमरामा पूर्वाधारको सामान्य विकास देखिए पनि अधिकांश भूभागमा विकासको अवस्था अत्यन्त न्यून छ । भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, अव्यवस्थित बसोबास, सुकुम्वासी तथा भूमिहिन अवस्था, नदिकटान, गरिवी, बेरोजगारीलगायतका अनेकन् समस्याहरु विद्यमान छन । हाम्रो समृद्धिका लागि ती समस्याहरुको समाधान जरुरी छ । यस उपमहानगरको तीव्र विकासका अधिकतम सम्भावनाहरु रहेका छन । ती सम्भावनाहरुलाई उपलव्धिमा रुपान्तरित गर्नका लागि हामी सबै एकाकार भएर अघि बढन आवश्यक छ ।

६. राष्ट्रिय गौरव र प्राथमिकताप्राप्त आयोजनाहरुको पूर्णता, भौतिक पूर्वाधार निर्माणमा तीव्रता र नागरिकको जीवनस्तरमा परिवर्तन र दीगो तथा सन्तुलित विकासका सबै प्रयासहरुलाई अघि बढाउदा जीतपुरसिमरा उपमहानगरलाई एक समृद्ध स्थानीय तहमा रुपान्तरित गर्न सकिन्छ । आर्थिक राजधानीको रुपमा परिचित वीरगञ्ज महानगरपालिका, तहांबाट पथलैया र अमलेखगञ्जसम्म विस्तारित औद्योगिक कोरिडोर, अन्तरराष्ट्रिय बिमानस्थल, काठमाण्डौं जोडने द्रुतमार्ग, विशेष आर्थिक क्षेत्र (सेज), पर्सा राष्ट्रिय निकुञ्जलगायत स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्भावनाको आधारमा जीतपुरसिमराको तीव्र विकासका प्रचुर आधारहरु छन । मोतिहारी रक्सौल अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको कार्य पुरा भएको छ । जसकारण सडक यातायातमा पर्ने चाप र दुर्घटना न्युनीकरणमा राहत मिलेको छ ।

७. हामी यतिखेर स्थानीय निर्वाचनपछिको पांचौ आर्थिक वर्षमा व्रवेश गरेका छौं । यो हाम्रो कार्यकालको अन्तिम वर्ष पनि हो । पहिलो र दोस्रो वर्षको काम सन्तोषजनक रुपमा नै अघि बढेको थियो । गत वर्षदेखि कोभिड १९ र स्थानीय विभिन्न प्रतिकुलताको कारण योजनाहरु कार्यान्वयनमा केही ढिलो भएपनि विकासका प्रक्रियाहरु अघि बढिरहेका छन ।

८. कोरोना भाइरस महामारीको नियन्त्रण, रोकथाम र उपचारका लागि हामीले सिमरामा अस्थायी क्वारेन्टाइन स्थापना गरी सञ्चालन गर्यौं । खासगरी कोरोना भाइरसका सन्दर्भमा सञ्चालित क्वारेन्टाइनमा अग्रपंक्तिमा रहेर महत्वपूर्ण योगदान गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षकर्मी, सरसफाईकर्मी, प्रशासनिक तथा व्यवस्थापकीय कर्मचारी, प्राविधिक कर्मचारीहरु साथै सञ्चारकर्मीहरुप्रति आभार प्रकट व्यक्त गर्दछु । यस विषम परिस्थिसतमा राहत वितरणमा योगदान गर्ने दाताहरु, महामारीको प्रभाव न्यूनीकरणमा अहोरात्र खटिनुहुने जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संघसंस्थाहरु र बन्दाबन्दीमा व्यक्तिगत दुरीको पालना एवम् संयमता अपनाई हामीलाई सहयोग गर्नुहुने आम नागरिकमा हार्दिक धन्यवाद प्रकट गर्दछु ।

कोरोना भाइरसलाई पराजित गरेसंगै हामीले आफनै भूमिमा पर्याप्त रोजगारी र स्वरोजगारीका अवसरहरु सिर्जना गर्न जरुरी भएको छ । शहर र विदेश बस्ने दाजुभाइ दिदीबहिनीहरु आफनै मूलथलोमा विशेषतः कृषि तथा साना व्यवसायमार्फत रोजगारीका अवसरहरु सिर्जना गर्नेतर्फ अग्रसर हुन आवश्यक छ ।

९. उपमहानगरको भवन निर्माण कार्य करीव पुरा भएको छ । सेवा सुविधाको विविधता र प्रभाव हेरेर विभागीय रुपमा काम भइरहेका छन । व्यापक काम र न्यून कर्मचारीको कारण

प्रभावकारी रुपमा अघि बढन नसकिरहेको अवस्थामा हाल सवै सेवा र समूह गरी ६० भन्दा वढी नयां कर्मचारी लोकसेवा आयोगबाट सिफारिस भई कार्यस्थल हाजिर भएका छन । कतिपय वडाहरुमा कार्यालय भवन बनिरहेका छन । चालु आर्थिक वर्षभित्र सबै वडाहरुमा आफनै कार्यालय भवन निर्माणलाई प्राथमिकता दिइनेछ । वडा कार्यालयहरुको सञ्चालन र व्यवस्थापनलाई आधुनिक र प्रविधिमैत्री बनाई नागरिक सेवा सुविधालाई प्रभावकारी बनाइनेछ ।

१०. कानूनहरु निर्माणः हामीले उपमहानगरको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउनका विभिन्न नियमावली र कार्यविधिहरु बनाई लागु गरेका छौं । साथै विभिन्न विषयमा कानूनहरु निर्माण भइरहेका छन । प्रदेशसभाले तय गरेको विधि मुताविक कानून निर्माण गर्नुपर्ने सम्वैधानिक प्रावधानका कारण प्रदेशसभाको कार्यविधि कुर्‍यौं । संघतथा प्रदेश कानूनहरु समयमा आउन नसक्दा र कतिपय कानूनहरुको सन्दर्भमा अदालतमा मुद्धासमेत परेको कारण तीनको कार्यान्वयनमा व्यवधान पैदा भएको छ । आवश्यक कानूनहरु निर्माणका लागि प्रक्रिया अघि बढाइरहेका छौं ।

११. न्यायिक समितिः उपप्रमुखको संयोजकत्वमा रहेको न्यायिक समितिले इजलास खडा गरी मुद्धाहरुको निरुपण भइरहेको छ । उपमहानगरपालिका तथा वडा कार्यालयहरुलाई सुशासनयुक्त र नागरिक जवाफदेहितायुक्त बनाउने प्रयास रहेको छ ।

१२. विकासका स्रोतहरुः विकासका लागि आवश्यक स्रोतहरु जुटाउनका लागि संघीय सरकारका विभिन्न निकायहरुमा पहल भएका छन् र आश्वासनहरु पनि प्राप्त भएका छन । अहिले परियोजनामा समस्या देखा परेको छ ।त्यसलाईहल गरेर अघि बढन प्रयासरत छौं । पूर्वाधार विकास, आय आर्जन र क्षमता विकासका लागि रकम प्राप्त गरी कार्यान्वयन गर्न सक्नु हाम्रो लागि चुनौति र अवसर दुवै हुनेछ ।

१३. वडाहरुबाट योजना तथा कार्यक्रमहरु प्राप्त हुनेक्रममा छ । स्थानीय रुपमा नागरिक समुदायको मांगमा आधारित भई आएका योजना तथा कार्यक्रमहरुमा स्थानीय जनताको स्वामित्व अभिवृद्धि भई दीगो प्रतिफल प्राप्त हुने अपेक्षा गरेको छु ।

१४. कोभिड १९ बाट उत्पन्न संकट व्यवस्थापन गर्न जीतपुरसिमरा उपमहानगरपालिका उच्च प्राथमिकताका साथ सक्रिय छ । विदेशमा रहेका र घर फिर्ता हुन प्रयत्नरतनगरवासीको मानवीय संवेदनालाई उच्च महत्व दिदैं गन्तव्यसम्म आइपुग्न सहजीकरण, स्वास्थ्य जांचका लागि स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको सघन परिचालन,क्वारेन्टिनको व्यवस्था, राहत वितरण, आइसोलेसन कक्ष निर्माण, स्वास्थ्य सामाग्री र आवश्यक पूर्वाधारकोशीघ्र विकासका लागि वजेट प्रवाह र जनशक्ति परिचालन गरिरहेको छ र अझ प्रभावकारी बनाइनेछ ।सबै नगरवासीलाई कोरोना खोप उपलव्ध गराइनेछ ।

१५. मातृ– शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा पोषण कार्यक्रमलाईव्यवस्थित गरिनेछ । जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षा गर्न नगरलाई पूर्णखोपयुक्त उपमहानगरपालिका बनाउन प्रयास गरिनेछ ।

क) नगरको स्वास्थ्य सेवालाई घरघरमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने नगरमा कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकाको खाईपाई आएको सुविधामा २५ प्रतिशत थप गरिएको छ ।

ख) महिला स्वास्थ्य स्वयम्सेविकाः नगरमा हाल भइरहेको महिला स्वास्थ्य स्वयम्सेविकाहरुको दरबन्दी यकिन गरी प्रत्येक वडामा दुई जना स्वयम्सेविकाको व्यवस्था मिलाइनेछ । निजहरुको सेवा, शर्त र सुविधासम्वन्धी कार्यविधि बनाई लागु गरिनेछ ।

१६. जनताको आधारभुत स्वास्थ्यसेवाः प्रत्येक वडामा आधारभूत स्वास्थ्यसेवा पुर्‍याउनका लागि वडा कार्यालय भवन निर्माण कार्य अघि बढिरहेको छ । यस वर्ष सबै वडामा आधारभूत स्वास्थ्यसेवा पुर्‍याइनेछ । प्राथमिक स्वास्थ्यकेन्द्र सिमरालाई नगर अस्पतालको रुपमा विकास गरिनेछ । यसै वर्षदेखि महिनामा कम्तीमा ३ दिन सबै सेवा प्राप्त हुने गरी नगरको अनुदानमा पेइङ्ग क्लिनिक सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । सो सञ्चालनका लागि आवश्यक विशेषज्ञ डाक्टर र स्वास्थ्यसेवा प्राविधिकको व्यवस्थापन गर्न अस्पताल विकास समितिलाई खर्च कार्यविधि बनाई सञ्चालनको जिम्मा दिइनेछ । आवश्यक जनशक्ति तयार गर्नका लागि अध्ययनरत् नगरभित्रका चिकित्सक र स्टाफ नर्शका लागि अनुदान कार्यविधि बनाई छात्रवृत्तिको लागि पहल गरिनेछ ।

१७. उद्यमी अभियान सञ्चालन गरी नविनतम ज्ञान, सीप, प्रविधि तथा उद्यमशिलताका कार्यक्रमहरुमार्फत युवाहरुलाई दक्ष र उद्यमी बनाई उत्पादनशिल क्षेत्रमा परिचालन गरिनेछ । युवाहरुको आस र उपप्रमुखको साथ नाराका आधारमा कार्यक्रमलाई सार्थक रुपमा अघि बढाइनेछ । युवाहरुवीच सीप विकास गरी रोजगारी सिर्जना गर्ने र बाल क्लवहरुको व्यवस्थापन गर्नेलगायतका कार्यक्रमहरु तर्जूमा गरी लागु गरिनेछ । नगरका सबै बैंकहरुसंग समन्वय गरी रोजगारमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ ।

१८. आधारभूत खाद्यवस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ । कृषक प्रोत्साहन, कृषि वीमा, सहुलियत कर्जा र न्यूनतम समर्थन मूल्य जस्ता किसानमैत्री कार्यक्रम सञ्चालन गरिनेछ र सोका लागि संघ र प्रदेशसंग पनि समन्वय गरिनेछ ।

१९. पशुपंक्षीजन्य उत्पादनमा नगरलाई आत्मनिर्भर वनाउनका साथै यस्ता उत्पादनको निर्यातलाई प्रवर्द्धन गरिनेछ ।

क. व्यवसायिक एवम् उन्नत नश्लका पशुपंक्षी, माछापालन र उच्च मूल्यका पंक्षीपालनलाई प्रोत्साहन गरिनेछ ।

ख. पशुपंक्षी प्रयोगशालाको स्थापना, क्षमता विकास, कृषि तथा पशुपंक्षी तथ्यांक प्रणालीको विकास गरिनेछ ।

ग. सार्वजनिक, निजी र सहकारीको साझेदारीमा दुग्ध उत्पादन, दाना, ह्याचरी, प्रशोधन केन्द्र, अर्गानिक मल, जैविक विषादी, वधशाला, श्रोतकेन्द्र विकास, सोलार चिस्यान केन्द्र र कृषि औजार तथा उपकरणको उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२०. राष्ट्रिय गौरव र प्राथमिकताका आयोजनाहरुः नेपालका महत्वपूर्ण राष्ट्रिय आयोजनाहरु दोस्रो अन्तरराष्ट्रिय बिमानस्थल प्रक्रियाका लागि स्थानीय तह र जनस्तरबाट सहयोगको संयोजनलाई निरन्तरता दिइनेछ । निर्माणाधीन पथलैया वीरगञ्ज ६ लेन सडक निर्माण कार्य अघि बढिरहे पनि अत्यन्त सुस्त गतिमा काम भइरहेको छ । अन्तरराष्ट्रिय बिमानस्थल दक्षिण एशियाकै एक महत्वपूर्ण हवाई ट्रान्जिट भएकोले यो हाम्रो विकास र जीवनस्तर परिवर्तनको आधार

बन्नेछ । बिमानस्थल निर्माणको पूर्वशर्तको रुपमा रहेको करीव १,५०० घरधुरीसहितको टांगियाबस्तीको उपयुक्त व्यवस्थापनको लागि आग्रह गरेका छौं । निर्माणाधीन द्रुतमार्गले काठमाण्डौंसंग छोटो दुरीमा जोडने भएकोले बाह्य तथा आन्तरिक व्यापार र आवागमन फराकिलो हुनेछ ।

२१. सिमरा डुमरवानामा निर्माणाधीन विशेष आर्थिक क्षेत्र हाम्रो लागि गौरवपूर्ण छन । सिमरामा गार्मेन्ट प्रशोधन केन्द्रको निर्माण कार्य पुरा भएको छ । उद्योगहरु स्थापनाको तयारीमा छ । डुमरवानातर्फ बी व्लकमा कम्पाउन्ड निर्माण प्रक्रिया अघि बढेको छ । त्यसैगरी सि, डि र ई व्लकको कामलाई पनि गति दिनुपर्नेछ ।

२२. शिक्षाः सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि ध्यान दिइनेछ । विद्यालयलाई भौतिक पूर्वाधारयुक्त बनाउने, पठनपाठनको गुणस्तरमा सुधार ल्याउने र शिक्षकहरुको भूमिकालाई प्रभावकारी बनाउने कार्यमा ध्यान दिइनेछ ।कोरोनाको कारण उपमहानगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा गुणस्तरीय पठनपाठनको व्यवस्था मिलाइनेछ । सबै विद्यालयहरुको भौतिक पूर्वाधार, पठन पाठन, शिक्षक तथा विद्यार्थीहरुको संख्यात्मक अवस्था र अन्य पक्षहरुको अध्ययन गर्नेछौं । विद्यालयहरुमा दरबन्दी र विद्यार्थीहरुको संख्या हेरी प्रधानाध्यापक तथा शिक्षकहरुको सरुवा र पदस्थापनको व्यवस्थापन मिलाइनेछ । विद्यालयको आम्दानी र खर्चलाई पारदर्शी गर्नको लागि २०७८ आषाढसम्मको वित्तिय प्रतिवेदन र कार्य प्रगति विवरण नगरमा पेश गरी कार्यपालिकामा सार्वजनिक गरिनेछ ।

शिक्षा क्षेत्रमा सुधारका लागि स्थानीय स्तरबाट लगानी बढाइनेछ । सशर्त कार्यक्रममको प्रभावकारी कार्यान्वयन गरिनेछ । सबै माध्यमिक विद्यालयहरुमा सेनेटरीप्याडको अनिवार्य व्यवस्थापन मिलाइनेछ । शिक्षक तथा बालबालिकाहरुको संख्यात्मक अवस्था हेरी समायोजन र सरुवा गरिनेछ । बालविकास शिक्षक शिक्षिका तथा कर्मचारीहरुलाई थप सुविधा उपलव्ध गराइनेछ । भूगोल र विद्यार्थीहरुको चाप हेरेर सरोकार पक्षहरुवीच छलफलका आधारमा विद्यालय एकीकरणको व्यवस्था मिलाइनेछ । जनप्रतिनिधि, शिक्षक

तथा कर्मचारीको बालबालिकाको पहिलो रोजाई सामुदायिक विद्यालय तथा क्याम्पस बनाउने अवस्था सिर्जना गर्दै लगिनेछ ।

नमूना विद्यालयहरुको कामलाई प्राथमिकताका साथ अघि बढाइनेछ । प्राविधिक धारसहित सञ्चालनमा रहेका विद्यालयहरुलाई विशेष अनुदानको व्यवस्था मिलाइएको छ भने नयां स्थापना गर्न चाहने विद्यालयहरुलाई विशेष अनुदानको व्यवस्था यथावत राखिएको छ ।

संस्थागत विद्यालयहरुले गुणस्तरीय शिक्षाका लागि पुर्‍याएको योगदान महत्वपूर्ण छ । ती विद्यालयहरुको पूर्वाधारको अवस्था, विद्यार्थी शुल्क, छात्रवृत्ति, सञ्चालन र कार्यरत शिक्षकहरुको अवस्थाको अध्ययन गरिनेछ । सामुदायिक तथा संस्थागत विद्यालयहरुमा एउटै पाठ्यक्रम लागु गर्ने र अन्य कुराहरुलाई एकरुपता कायम गर्न ध्यान दिइनेछ ।

सम्वन्धित वडाभित्र रहेका आधारभूत तथा माध्यमिक विद्यालयको पठनपाठन र प्रशासनिक एवम् भौतिक निर्माण र सुधारका कामहरुको अनुगमनमा सम्वन्धित वडाको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

नगरमा कार्यरत वालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको तलब संघीय सरकारले तोके अनुसार भुक्तानी गर्ने व्यवस्था मिलाएको छु ।

२३. नगरवासीहरुलाई आधारभूत स्वास्थ्यसेवा सहज रुपमा उपलव्ध गराउने प्रयासलाई निरन्तर राखिनेछ । जीतपुर बकुलियामा २ सय शैय्याको अस्पतालका लागि जग्गा संरक्षणका लागि कम्पाउण्डवाल निर्माण कार्य भएको छ । साथै प्रदेशस्तरमा स्थापना हुने भनिएको श्रम (मजदुर) अस्पताल स्थापना यसै जीतपुरसिमरा उपमहानगरपालिकाको उपयुक्त स्थान छनोट गरिने र अस्पताल स्थापनाका लागि आवश्यक स्रोतको व्यवस्थाका लागि अनुरोधसहित पहल अघि बढाइनेछ । त्यस्तै सिमरामा रहेको प्राथमिक स्वास्थ्यकेन्द्रलाई यसै वर्ष २५ शैय्याको अस्पताल बनाउने कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइनेछ । यो केन्द्रको पूर्वाधार निर्माण र सेवा स्तरोन्नतिका लागि आवश्यक मेशिनरी तथा औजार उपकरणको खरिदको लागि एकमुष्ठ बजेट छुट्याइएको छ । डुमरवानामा सञ्चालन भइरहेको शहरी स्वास्थ्य प्रवद्र्धन केन्द्रलाई प्राविधिक जनशक्ति, उपकरण तथा औषधिको पर्याप्त व्यवस्था मिलाइएको छ । यसै वर्ष वडा नं. ११, १३, १४, १६ र २० मा आधारभूत स्वास्थ्यसेवा आरम्भ

गरिएको छ भने भवन निर्माण प्रक्रिया अघि बढदैछ । बांकी वडाहरुमा पनि विस्तार गरिनेछ । नगरभरीको स्वास्थ्यचौकीहरुमध्ये सूचकहरु तय गरी नमूना स्वास्थ्यचौकी घोषणा गरिनेछ । सिमरा, जीतपुर र डुमरवानामा रहेको त्यस्ता स्वास्थ्य सेवाकेन्द्रहरुमा २४ घण्टे आपतकालिन सेवामार्फत सुत्केरी सेवा, नियमित तथा विशेष खोप, सरकारी निःशुल्क औषधि व्यवस्थाको लागि पहल गरिनेछ । जैतापुर, इनर्वासिरा र अमलेखगञ्जमा बर्थिङ्गसेन्टरलाई सुधार गरी सञ्चालनमा ल्याइनेछ । स्वास्थ्यसंस्थामा सुत्केरी गराउने महिलालाई थप रु. १,०००।०० र अन्यत्र लानुपर्दा गाडी भाडाबापत रु. ५०००।०० उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ । डुमरवानामा सञ्चालनमा रहेको शहरी स्वास्थ्य क्लिनिकलाई प्रभावकारी बनाइनेछ र अन्य वडाहरुमा विस्तारको लागि ध्यान दिइनेछ ।

क्यान्सर, मुटु, मृगौला, मष्तिष्काघात र स्पाइनल इन्ज्युरी जस्ता रोगहरुको उपचार र औषधीका लागि उपलव्ध गराइरहेको नगद सहयोग १० हजार लाई निरन्तर राखिनेछ । यसै वर्षदेखि नमूनाको रुपमा स्वास्थ्यबिमा कार्यक्रम लागु गरिनेछ र राज्यले उपलव्ध गराउने भनिएको मासिक सुविधालाई स्थानीयकरण गरिनेछ ।

२४. यातायात र सडक सञ्जालः बहुआयामिक विकासको पहिलो प्राथमिकता सडकलाई फराकिलो बनाउने र स्तरोन्नतिको कार्य आगामी वर्ष पनि प्राथमिकतामा रहनेछ । विकास रकमको ठुलो हिस्सा सडक सञ्जाललाई व्यवस्थित गर्नुमै रहनेछ । जीतपुरसिमरा उपमहानगरको विकासको एक महत्वपूर्ण आधारको रुपमा रहेको सिमरा कोल्हवी सडकको कालोपत्रे गर्ने कार्यलाई छिटो र गुणस्तरका साथ सम्पन्न गर्नका लागि पहल गरिनेछ । सडक गुरुयोजना निर्माण प्रक्रिया अन्तिम चरणमा छ । बाह्य चक्रपथको रुपमा छातापिप्रानितनपुरइनर्वासिरा सडकलाई व्यवस्थित गरी जीतपुरफत्तेपुरशुकलैयापिलुवापथलैयासिमराजीतपुरछातापिप्रामा बाहिरी चक्रपथ जोडिने रुटलाई यथावत राखिएको छ । सोमा भलुही र प्रसौनीलाई पनि जोडने प्रयास गरिनेछ । शहरी क्षेत्रमा भित्री चक्रपथको निर्माणप्रक्रिया अगाडि बढाइनेछ । विशेषतः सिमरा र जीतपुरमा भित्री बाइपास सडकको आवश्यकता छ । यस उपमहानगरपालिकाभित्र रहेका सबै सडकहरु विशेषतः ग्रामिण र कृषि सडकहरु सुद्ृढ गर्न ध्यान दिइनेछ । सोका लागि आवश्यक पर्ने संघ तथा प्रदेश स्रोतका लागि विशेष पहल लिइनेछ । सबै वडा र टोल जोडने सडकहरुलाई आवश्यकता र प्राथमिकतासमेतलाई मध्यनजर गर्दै सडक मापदण्ड अनुरुप फराकिलो र पक्की बनाउन ध्यान दिइनेछ ।

२५. भूमि व्यवस्थापनः भूमि व्यवस्थापन हाम्रो प्रमुख कार्यभार हो । सार्वजनिक ऐलानी तथा पर्ती जमिनहरु अतिक्रमित छन । राज्यले विभिन्न समयमा सुकुम्बासी समस्या समाधान आयोगमार्फत वितरण गरेका जग्गाधनीपुर्जा चलनचल्तीमा आएका छैनन । ऐलानी र पर्ती जमिनको व्यवस्थापन गर्ने, सार्वजनिक जग्गाको संरक्षण गर्ने, सार्वजनिक हितका लागि संरचना निर्माण गर्ने र अन्य माध्यमबाट जमिनको अधिकतम सदुपयोगका लागि ध्यान दिइनेछ । उपमहानगरपालिकाभित्रका वास्तविक सुकुम्बासीहरुको तथ्यांक संकलन गरी संघ सरकार तथा प्रदेश सरकारको अभिभावकत्व र सहकार्यमा उनीहरुलाई आवासका लागि जग्गाको व्यवस्था मिलाइनेछ । सार्वजनिक तथा सरकारी जमिनको संरक्षणको प्रभावकारी प्रवन्ध मिलाइनेछ । ऐलानी तथा पर्ती जग्गाको व्यवस्थापन गर्ने र अव्यवस्थित जमिनलाई व्यवस्थित गर्ने र सुकुम्बासी समस्या समाधान गर्ने कार्यमा गम्भिरतापूर्वक लाग्नेछौं । संघीय सरकारको भूमि आयोगसंग सहकार्यमा काम गरिरहेको र लगत संकलन लगभग सम्पन्न भएको छ । सरकार परिवर्तनसंगै आयोग खारेज भएको छ र नयां आयोग बनेपछि उक्त कार्यलाई निरन्तरता दिइनेछ ।

विशेष आर्थिक क्षेत्र र सार्वजनिक तथा सरकारी जग्गामा बसेकाहरुको वर्गीकरण गरी उनीहरुको उचित व्यवस्थापनको लागि पहल लिइनेछ ।

२६. कृषि तथा पशुपालनको व्यवसायीकरणः यो उपमहानगरपालिका कृषि तथा पशुपालनको हिसावले अत्यन्त सम्भावना रहेको छ । कृषि तथा पशुपालनमा यान्त्रिकीकरण र व्यवसायीकरणमार्फत उत्पादन वृद्धि गर्न सकिनेछ । सिंचाई, मल, बीउबिजन, प्रविधि र बजारको उचित संयोजन गरी व्यवसायिक कृषि तथा पशुपालनमा युवा तथा महिलालाई आकर्षित गरिनेछ । सामुहिक तथा सहकारीमार्फत खेती तथा पशुपालनलाई प्रोत्साहन गरिनेछ र पूंजीगत तथा अन्य अनुदानको संयोजन गरिनेछ । पशुपालनको क्षेत्रमा विशेषतः दुग्ध उत्पादक किसान र सहकारीहरुलाई प्रोत्साहन कार्य अघि बढाइनेछ । सोका लागि उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको समृद्धि परियोजनासंग सहकार्य गरिनेछ । कृषि क्षेत्रको सशक्तीकरणका लागि सिचाई तथा बजार व्यवस्थापनमा विशेष ध्यान दिइनेछ । किसानहरुलाई परिचयपत्रको व्यवस्था मिलाइनेछ ।

२७. आवास तथा शहरीकरणः जीतपुरसिमरा क्षेत्रको आवास र शहरीकरणलाई व्यवस्थित बनाउन हरसम्भव प्रयास गरिनेछ । अमलेखगञ्जमा पानीको दीगो समाधानका लागि संघ र प्रदेशमा पहल गरिनेछ । सबै घरमा स्वच्छ खानेपानी वितरणको व्यवस्था मिलाउनका लागि सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुलाई पूंजीगत सहयोग र नयां आयोजनाहरु निर्माण पहल गरिनेछ । फोहोरमैला व्यवस्थापन आफैमा चुनौतिपूर्ण बन्दै गएको छ । समुदायलाई लक्षित गरी फोहोरमैला व्यवस्थापन सम्वन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै कम्पोष्टबिनको प्रयोगमा सहयोग प्रदान गरिनेछ । फोहरमैला व्यवस्थापनका लागि ल्याण्डफिल्डसाइटको खोजी र व्यवस्थापनमा निरन्तर ध्यान दिइनेछ ।

सिमरामा ढल व्यवस्थापनका लागि खानेपानी तथा ढल विभागसंगको सहकार्यमा वृहत्तर ढल प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन भएको छ । केन्द्रले पठाएको भवन आचारसंहिता कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

२८. नागरिक सेवा प्रवाहमा छिटोछरितो, पारदर्शी र प्रभावकारिता ल्याउन नवप्रवर्तन र सिर्जनशील कार्य गर्ने सवै तहका राष्ट्रसेवक कर्मचारीहरुलाई उत्प्रेरित गरिनेछ ।

२९. औद्योगिक क्षेत्र व्यवस्थापन र प्रदुषण नियन्त्रणः जीतपुरसिमरा उपमहानगरपालिका औद्योगिक कोरिडोरको रुपमा परिचित छ । यहां रहेका उद्योग कलकारखानाहरु राष्ट्रिय समृद्धि, स्थानीय विकास र रोजगारीका आधारहरु हुन । यद्यपि यीनै उद्योग तथा कलकारखानाबाट भइरहेको विभिन्न प्रकारका प्रदुषणका कारण स्थानीय जनजीवन अत्यन्त प्रतिकुल बन्दो छ । उद्योग कारखाना र समुदायवीच अन्तरविरोधहरु बढेका छन । औद्योगिक कोरिडोर र बस्ती एकै स्थानमा हुदा समस्याहरु बढेका छन । हामीले उद्योग कलकारखानाबाट सिर्जित प्रदुषण न्युनीकरणका लागि पहल गर्नेछौं । तत्काल उद्योग कारखानाहरुले प्रदुषण नियन्त्रणका लागि उपायहरु अवलम्बन गर्ने, स्थानीय विकास र रोजगारीका लागि ध्यान दिनु जरुरी छ भने समुदायले पनि उद्योगहरुको सञ्चालन र व्यवस्थापनमा सहयोग गर्नु पर्दछ । उद्योग कारखानाहरुले प्रदुषण न्युनीकरणका लागि लगानी बढाउन आवश्यक छ । आगामी दिनमा समुदायको हितलाई प्राथमिकतामा राखी औद्योगिक कोरिडोरको छुट्टै व्यवस्थापन गर्न पहल गरिनेछ ।

सिमरा— जीतपुर— परवानीपुर औद्योगिक कोरिडोर (वडा नं. १, २, ३, ७, ८, ९, १०, २३) लाई व्यवस्थित बनाउन विशेष पहल गरिनेछ । खासगरी उद्योगहरुको प्रवद्र्धन र विकास, प्रदुषण नियन्त्रण र रोजगारी अवसर विशेष ध्यान दिइनेछ । विशेष आर्थिक क्षेत्र (सेज) भित्र अन्तरराष्ट्रिय बिजनेस एक्जिविसन सेन्टर आवश्यकता महशुश भएको छ ।

नगरपालिकामा स्वस्छ सुन्दर र हराभरा बनाउन एक घर एक रुखको नारालाई सार्थक बनाइनेछ । उक्त कार्यका लागि भवन निर्माण सम्पन्न प्रमाणपत्र दिदा रुख रोपेको प्रमाण पेश गर्नुपर्नेछ ।

यस नगरभित्र २० माइक्रोन भन्दा माथिको प्लाष्टिक झोला नगरबाट विस्थापित गरिनेछ । नगरभित्र उद्योग सञ्चालन गरी वैकल्पिक उतपदन गर्ने उद्योगलाई उत्पादन लागतको ३० प्रतिशत अनुदान दिने नीति लिएको छु ।

लघुउद्यमहरुको प्रवद्र्धनका लागि जीतपुरसिमरा उपमहानगरपालिकाभित्र उपयुक्त क्षेत्र पहिचान गरी उद्योग बाणिज्य संघ र निजी क्षेत्रको सहकार्यमा घरेलु लघु औद्योगिक ग्राम स्थापनाको प्रक्रिया अघि बढाइनेछ ।

३०. चुरे संरक्षण र नदी नियन्त्रणः जीतपुरसिमरा उपमहानगरपालिकाको शिरमा रहेको चुरे पहाड श्रृंखला हाम्रो गौरव हो । चुरे पहाड र तल बग्ने नदीहरुको अत्यधिक र अव्यवस्थित दोहनले भुस्खलन र नदीकटानका समस्याहरु देखा परेका छन । राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तरगत र अन्य कार्यक्रममार्फत यसको संरक्षण र सम्वद्र्धनमा ध्यान दिइनेछ । जीतपुरसिमरा उपमहानगरपालिकाभित्र चुरेबाट बग्ने मुख्य नदीहरु दुधौरा, बालगंगा र पसाहा रहेको छ र साथै भांग्रा, सरेसवा र कठवा नदीले सयौ बिघा जमिन कटान हुने र नदीधार परिवर्तन हुनेक्रम तीव्र छ । जसकारण खेतीयोग्य र बसोबासका जग्गाहरु खोलाबगरमा परिणत हुने र जोखिममा पर्ने क्रम जारी छ । नदीतट व्यवस्थापनलाई प्रभावकारी बनाउने र व्यवसायिक वनमार्फत नदीतटको जमिनको संरक्षण र उपभोगमा ध्यान दिइनेछ । हालैको वर्षातले जीतपुरसिमराका सबै वडाहरुमा अत्यधिक क्षति पुगेको छ । थप व्यवस्थापनका लागि संघ तथा प्रदेशमा ध्यानाकर्षण गराइएको छ ।

३१. सहकारी, रोजगारी तथा गरीवी निवारणः सहकारीमार्फत समुदायको वित्तिय तथा गैरवित्तिय समाधान दिने, कृषिको प्रचुर व्यवसायीकरण, बजार व्यवस्थापन, वित्तिय सशक्तीकरण, वित्तिय समावेशीकरण, ससाना घरेलु उद्यम व्यवसायको प्रवद्र्धन र स्वरोजगारी सिर्जना गर्ने, स्थानीय तह र सहकारीको सहकार्यमा उद्योग र सेवामुलक व्यवसायमार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने, कृषि सहकारीमार्फत किसानका सबै आवश्यकताको सहजीकरण गर्नुका साथै जीवनस्तरमा परिवर्तन ल्याउन आवश्यक संयोजन गरिनेछ । सहकारीमार्फत समुदायको पूंजी, संगठन र क्रियाशिलता व्यवस्थित गर्नुका साथै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ध्यान दिइनेछ । बचत तथा ऋण सहकारीहरुको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाएर जोखिम न्युनीकरणमा ध्यान दिइनेछ । कृषि तथा उत्पादनकेन्द्रीत सहकारीहरुमार्फत कृषिको व्यवसायीकरणमा ध्यान दिइनेछ । सहकारीमार्फत शिक्षा, स्वास्थ्य, उद्योग व्यवसाय सञ्चालनका लागि सहकारी तथा समुदायलाई आह्वान गर्दछौं ।

प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । विदेशबाट फर्किएका युवाहरुलाई स्थानीय रुपमा नै स्वरोजगारीका अवसरहरु सिर्जना गर्नका लागि विशेष ध्यान दिइनेछ ।

३२. युवा तथा खेलकुदः युवा लक्षित कार्यक्रमलाई अघि बढाइनेछ । युवाहरुको क्षमता, उर्जा, सिर्जनशिलता र सम्भावनाहरुलाई जिविका, व्यक्तित्व र प्रतिभा विकास, व्यवसायिकता र समाज परिवर्तनमा सदुपयोग गरिनेछ । सामाजिक विकृति, हिंसा र दुव्र्यसनमा रहेका युवाहरुको पुनसर््थापनामा ध्यान दिइनेछ । उपमहानगरभित्र रहेका युवाहरुलाई रोजगारी र अन्य अवसरहरु सिर्जनामा ध्यान दिइनेछ । सिमरामा रहेको रंगशालालाई क्षेत्रीयस्तरको रंगशाला बनाउन ध्यान दिइनेछ । प्रत्येक वडा वा क्लष्टरमा खेलमैदान निर्माण गरी युवाहरुको नियमित सारीरिक एवम् मानसिक क्रियाशिलता र प्रतिस्पर्धा गराइनेछ । हरपुरमा क्रिकेट मैदान निर्माणको प्रक्रिया अघि बढाइनेछ । साथै वडा नं. १३ को पोतामा भलिवल खेललाई व्यवस्थित गरिनेछ । सिमरा र भलुहीमा कवर्डहल निर्माणका लागि पहल गरिनेछ । त्यसैगरी सीमाक्षेत्र विशेषतः भलुही, चुरियामाई र महेन्द्र राजमार्गका पूर्वतर्फ मा कलात्मक स्वागत गेट बनाउने प्रक्रियालाई अघि बढाइनेछ ।

नगरस्तरीय मेयर कप फुटवललाई जीतपुरसिमरा गोल्डकर फुटवलको रुपमा निरन्तरता दिइनेछ । फुटवल अलावा अन्य खेलहरु प्रवर्द्धनमा ध्यान दिइनेछ । खेलकुद क्षेत्रको विकास र प्रवद्र्धनका लागि छुट्टै कोष र खेलकुद विकास समिति गठन गरिनेछ ।

३३. पर्यटन प्रवद्र्धनः यस उपमहानगरपालिकाभित्र धेरै होटल तथा रेस्टुरेन्टहरु सञ्चालित छन । उपमहानगरपालिकाको समृद्धिको एक मुख्य आधार पर्यटन हो । कोभिडका कारण पर्यटन क्षेत्र कमजोर अवस्थामा रहेको छ । होटल तथा पर्यटन क्षेत्र प्रवद्र्धनका लागि पर्सा राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, होटल तथा पर्यटन व्यवसायी संघ, जनहित उपभोक्ता समिति र मध्यवर्ती सामुदायिक वन व्यवस्थापन समितिहरु र समुदायसंग सहकार्य गरिनेछ । अमलेखगञ्ज, ऐतिहासिक राणाकालिन कमिनी दह, पर्सा राष्ट्रिय निकुञ्ज, हातिसार, हलखोरिया दह, चुरियामाई मन्दिर, मुसहर्नीमाई मन्दिर, गढीमाई मन्दिर, सहजनाथ महादेव मन्दिर, जलेश्वर महादेव मन्दिर, थानीमाई मन्दिर, छठिमाई मन्दिर आदि आन्तरिक तथा बाह्य पर्यटनसंग जोडिएका छन । त्यस्तै मठमन्दिर, मस्जिद, चर्च, गुम्बा, कब्रस्तान, इदगाह धार्मिक पर्यटनका आधारहरु हुनेछन ।अमलेखगञ्ज क्षेत्रलाई विशेष पर्यटन गांऊ बनाउने रताललगायत कार्यको अध्ययन र कार्यान्वयन प्रक्रियालाई अघि बढाइनेछ ।

३४. सूचना तथा प्रविधिः आजको युग सूचना प्रविधिको युग हो । वेवसाइट र सामाजिक सञ्जालको प्रवाहले सूचना तथा सञ्चारको विस्तार र महत्व बढाएको छ । उपमहानगरपालिका र नागरिकवीच छोटो र जीवन्त सम्पर्क र सहकार्य स्थापित गर्न छुट्टै वेभ वनाइ सूचना आदान प्रदानलाइ सहजता गरिनेछ । यस जीतपुरसिमरा उपमहानगरपालिकाका सवै शाखामा कार्यभार र आवश्यकताका आधारमा सफ्टवेयर सञ्चालनमा जोड दिइनेछ । दुई वा सो भन्दा वढी शाखासाग सम्वन्धित फाइल मिस प्लेस हुनबाट जोगाउन र खोजेको वेलामा सहजै पाउनका लागि फाइल टयाकिङ. सफ्टवेयरको व्यवस्था गरिनेछ ।

३६. बिपद व्यवस्थापनः उपमहानगरपालिकाभित्र प्राकृतिक प्रकोपलगायत विपदहरुको व्यवस्थापनका लागि कार्यविधि र आन्तरिक स्रोत संयोजन गरिएको छ । साथै बाह्य स्रोतहरुको प्रवाहलाई पनि प्राथमिकता दिइनेछ । पूर्व विपत्त बिपत्त पछिको पुनरुथापनामा

ध्यान दिइनेछ । यसका लागि संघ सरकार, प्रदेश सरकार, सुरक्षा निकायहरु र विभिन्न संघसंस्थाहरु संगको संयोजन गरिनेछ । विपद व्यवस्थापन कार्यलाई प्रभावकारी वनाउन विपद् व्यवस्थापन कोषको रकममा वृद्धि गरिनेछ ।

३७. जैविक विविधता, प्राकृतिक स्रोतहरुको सम्वद्र्धन र नगर वनः जीवन र जगतको निरन्तरता र विकासका लागि जैविक विविधता अनिवार्य छ । त्यसका लागि प्राकृतिक स्रोतहहरुको सम्वद्र्धनमा ध्यान दिइनेछ । राष्ट्रिय वन, सामुदायिक वन र साझेदारी वनको सम्वद्र्धन गरिनेछ । वृक्षारोपण र संरक्षणमा प्रोत्साहन गरिनेछ ।

३८. लक्षित समुदाय सशक्तिकरणः समाजमा रहेका लक्षित समुदायको सशक्तिकरणका लागि ध्यान दिइनेछ । महिला, दलित, बालबालिका तथा जेष्ठ नागरिक, आदिवासी जनजाती, मुश्लिम, अपाङ्ग र द्वन्द्वपिडित, पिछडिएको क्षेत्र तथा समुदाय, सीमान्तीकृत मजदुर किसान र विपन्न वर्गको उत्थानका लागि विशेष कार्यक्रमलाई निरन्तर राखिनेछ ।

३९. भाषा तथा संस्कृतिः यो उपमहानगरपालिका बहुजातीय, बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक स्थल हो । उपमहानगरभित्रका विभिन्न जाति विशेषहरुका धर्मसंस्कृति र परम्परालाई संरक्षण र सम्वद्र्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ । सबै जनजातिहरुको संस्कृति प्रतिविम्बित हुने गरी जनजाति संग्रहालयका लागि अध्ययन प्रक्रिया अघि बढाइनेछ । वडा तहबाट अनलाइनमार्फत यस्तो सेवा लिन सकिनेछ ।

४०. जेष्ठ नागरिकः समाजमा रहेका जेष्ठ नागरिकहरुको यथोचित सम्मानमा ध्यान दिइनेछ । अतिवृद्ध जेष्ठ नागरिकको सामाजिक सुरक्षा भत्ता घरैमा पुर्‍याउनका लागि पहल लिइनेछ । जेष्ठ नागरिक परिचयपत्र वितरणलाई थप सहज बनाइनेछ ।

सबै प्रकारका सामाजिक सुरक्षा भत्ताको वितरण बैंकमार्फत भुक्तानीको प्रक्रिया अघि बढाइनेछ । साथै ८० वर्ष पुगेका जेष्ठ नागरिकहरु र पूर्ण अपाङ्गलाई सम्वन्धित बैंकले वडा कार्यालयमा गई सामाजिक सुरक्षा भत्ता भुक्तानीको व्यवस्था मिलाउनुपर्नेछ ।

४१. व्यवसायिक, पेशागत र सामुदायिक संगठनहरुको सशक्तिकरणः नगर उद्योग बाणिज्य संघ, पेशागत संगठनहरु, गैरसरकारी तथा सामुदायिक संगठनहरुको सशक्तिकरणमा जोड दिइनेछ । पेशागत विशिष्टताको आधारमा ती संगठनहरुको साझेदारीमा उपमहानगरको विभिन्न कामहरु उपयुक्त तवरबाट सहजीकरण गरिनेछ ।

४२. उपयुक्त व्यवसायिक वातावरण र सुरक्षित श्रमजीवनः यो उपमहानगरपालिका औद्योगिक कोरिडोर र विशेष आर्थिक क्षेत्रको कारण पर्याप्त रोजगारी अवसर सिर्जना हुन सक्छ । उद्योग व्यवसायमा व्यवस्थापन र कर्मचारी तथा मजदुरवीच सम्वन्ध सकारात्मक बनाइनेछ । उद्योगहरुमा सुरक्षित र अनुशासित श्रमको वातावरण निर्माणमा सहजीकरण गरिनेछ । उद्योग कारखानामा रहेका श्रमिकहरुको तथ्यांक संकलन गरी उनीहरुको सुरक्षित श्रमजीवनमा ध्यान दिइनेछ । उद्योग कलकारखानाहरुमा स्थानीय जनशक्तिलाई रोजगारीमा प्राथमिकताका लागि पहल गरिनेछ ।

४३. सचेत, नैतिकवान र सामाजिक न्यायसहितको समतामूलक समाजः उपमहानगरपालिकामा समतामूलक र चेतनशिल समाज निर्माणका लागि नागरिकको भूमिकालाई प्रभावकारी बनाइनेछ । विकास र सामाजिक न्यायमा समुदायको स्वामित्व स्थापित गरिनेछ । समतामूलक एवम् लोकतान्त्रिक मूल्यमान्यतामा आधारित समाजवादोन्मुख समाजनिर्माणका लागि आवश्यक नीतिहरु बनाई लागु गरिनेछ ।

४४. दमकल, बसपार्क र अन्य व्यवस्थापनः उपमहानगरपालिकामा एक दमकल छ । यो दमकलबाट मात्रै आवश्यक सेवा पुग्ने अवस्था देखिदैन । नेपाल सरकारसंग थप एक दमकलका लागि पहल गरिनेछ । शहरीकरण भइरहेका स्थानहरुमा सार्वजनिक शौचालय निर्माण प्रक्रिया अघि बढाइएको छ ।

४५. आयस्रोत संयोजनः उपमहानगरको तीव्र भौतिक पूर्वाधार विकास र सेवासुविधाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक पर्ने पर्याप्त आयस्रोतको संयोजन गरिनेछ । केन्द्र तथा प्रदेशको अनुदान वृद्धि गर्नका लागि पहल गर्ने र आन्तरिक आयस्रोतहरु फराकिलो बनाइनेछ । आन्तरिक राजस्वका स्रोतहरुको पहिचान, प्रवद्र्धन र राजस्व प्रणालीमा थप सुधारका लागि ध्यान दिइनेछ ।

राजस्व परिचालनका लागि सरकारी कारोवार गर्ने कुनै एक बाणिज्य बैंकले नगर कार्यपालिकाको कार्यालयमा काउन्टरको स्थापना गरी सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

४६. दीगो आर्थिक स्रोत संकलनः दीगो आर्थिक स्रोत व्यवस्थाका लागि वडा र नगरबाट हुने राजस्व असुलीमा प्रति कारोवार रु. २५।०० थप शुल्क लिइनेछ । उक्त रकम स्वास्थ्य क्षेत्रको सर्पदंश अस्पताल सञ्चालनका लागि उपयोग गरिनेछ ।

नगरबाट अनुदान दिइने संस्थाहरुलाई रकम अनुदान दिदा शिक्षा र स्वास्थ्य क्षेत्रको विकासका लागि भुक्तानी रकमको ५ प्रतिशत सेवा शुल्क असुल गरिनेछ । उपभोक्ता समितिहरुलाई भुक्तानी गरिने रकममा २०७८ आषाढसम्म २.५० प्रतिशत कन्टिन्जेन्सी रकममध्ये ०.५० प्रतिशत रकम स्वास्थ्यक्षेत्रको सर्पदंश उपचारकेन्द्रमा पठाउने व्यवस्था मिलाइनेछ ।

नगरभित्र र नगरपालिकाबाट सेवासुविधा लिने संघसंस्था, परामर्शदाता तथा कम्पनीहरुलाई यस नगरपालिकामा कारोवार गर्ने इजाजत लिएको रहेनछ भने कारोवार इजाजत लिई कारोवार गर्ने नीति लिएको छु ।

४७. यस उपमहानगरपालिकाबाट २०७४ श्रावणदेखि २०७८ असारसम्म अनुदान पाएका संघसंस्थाहरुले प्रत्येक आर्थिक वर्षको यस उपमहानगरपालिकाको अनुदान देखिने गरी लेखापरीक्षण गराई आयव्यय विवरण पेश गरेपछि मात्र अनुदानका लागि योग्य मानिनेछ ।

४८. बजार व्यवस्थापन र अनुगमनः जीतपुरसिमरा उपमहानगरपालिकाका बजार क्षेत्रलाई व्यवस्थित र सुशासित बनाउने प्रयास अघि बढाइनेछ । बजारमा मूल्यवृद्धि, मिसावट र गुणस्तरहीनताका सन्दर्भमा आम उपभोक्ताबाट धेरै गुनासो आइरहेकोले नियमित अनुगमन गर्ने र मूल्यसूचि अनिवार्य गर्न लगाइनेछ । मासुपसल र तरकारी बजारलाई व्यवस्थापन गरिनेछ । जीतपुरको गुद्रीबजार र मीनाबजार, सिमरालगायत बजारहरुका शर्टर कोठाहरुलाई थप व्यवस्थित बनाइनेछ । उपमहानगरपालिका क्षेत्रभित्र रहेका अन्य स्थानका बजारहरुलाई व्यवस्थित र फराकिलो बनाउने कार्यमा ध्यान दिइनेछ ।

४९. पूर्वाधार निर्माण/ सडक तथा पूलः सबै वडामा निर्माण हुने सडक कालोपत्रेमा जोड दिइनेछ । सडक ढलान कार्यलाई निरुत्साहित गरिनेछ । सबै सालबसाली योजनाहरुको निर्माण दोश्रो चौमासिक भित्र सम्पन्न गर्ने गरी वजेट व्यवस्था गरिनेछ । साथै सबै वडा कार्यालयहरु

वडास्तरीय योजनाहरु शसर्त अनुदानको रुपमा सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ । योजना कायम गर्दा सालवसाली योजना भए वार्षिक खरिद योजना र वहुवर्षे योजना भए गुरुयोजना वनाई बजेट व्यवस्थापन गरी कार्यान्वयन प्रक्रिया अघि वढाइनेछ । पूर्वाधार निर्माण कार्य गर्न गठन हुने उपभोक्ता समितीमा कोभिड १९ बाट रोजागारी गुमाएका युवावर्गलाई प्राथमिकतामा राख्ने व्यवस्था गरिनेछ ।

५०. प्रस्तुत नीति तथा कार्यक्रमले कोभिड १९ ले अर्थतन्त्रमा पारेको नकरात्मक प्रभावलाई न्यूनीकरण गर्नुका साथै यस नगरको आर्थिक, सामाजिक लगायतका समग्र क्षेत्र र विकासमा थाप सुधार तथा प्रगति हुने विश्वास लिएको छु । नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि सरकारी, निजी तथा सहकारी क्षेत्रको संयुक्त प्रयास अघि बढनेछ । साथै गैरसरकारी संस्था तथा दातृ निकायहरुसंग सहकार्य र साझेदारीको अपेक्षा गरेका छौं ।

५१. आ. व. २०७७।०७८ मा सम्झौतामा भएका योजनाहरुको म्याद २०७८ पुस मसान्तसम्म थप गरी समयमा कार्यान्वयन गरिनेछ ।

५२. संघीय सरकारबाट २०७८ श्रावण १ गतेदेखि लागु भएको तलवमान स्थानीय तहमा पनि लागु गरिनेछ । अतिरिक्त कामको हकमा आवश्यकता र प्राथमिकता हेरी निर्धारण गरिनेछ ।

५३. स्थायी सेवामा कार्यरत निजामती, स्वास्थ्य र स्थानीय तहका कर्मचारीहरुको सरुवा, पदस्थापन र जिम्मेवारी सम्वन्धि कार्यविधि तयार गरी दुई दुई वर्षमा कार्यक्षमताको मूल्यांकनको आधारमा सबै क्षेत्रको अनुभव हासिल गर्ने गरी कर्मचारी व्यवस्थापन गरिनेछ । नगरमा भएका कुल दरबन्दीको आवश्यकता पहिचान गरी संघीय सरकारले स्वीकृत गरेको दरबन्दी र स्थानीय तहबाट नियुक्ति भएका कर्मचारीहरुको र समायोजन भएका कर्मचारीहरुको एकमुष्ठ दरबन्दी तयार गरी संघ र प्रदेशको कानूनसंग नबाझिने गरी एकिकृत दरवन्दी तयार गरी मिलान गर्ने प्रक्रियालाई अघि बढाइनेछ । दरबन्दी मिलान पछि फाजिलमा रहेका अस्थायी तथा करार कर्मचारीहरुको हकमा २०७८ साल भन्दा पहिला पांच वर्ष सेवा गरिसकेका रहेछन भने त्यस्ता कर्मचारीलाई कोषको व्यवस्था गरी ससम्मान बिदा गर्ने व्यवस्था मिलाइनेछ ।

अस्थायी तथा करार कर्मचारीको ६/६ महिनामा कार्य सम्पादन मूल्याङकन सम्बन्धित शाखा प्रमुखको सिफरिसमा कर्मचारी प्रशासन शाखा मार्फत गरिने व्यवस्था मिलाएको छु सोही आधारमा अस्थायी तथा करार कर्मचारीको म्याद थप गर्ने व्यवस्था मिलाएको छु ।

कार्यालयको सुरक्षा, सरसफाई , कार्यालय सहयोगी र ड्राईभिङको सेवा लिनु परेमा फर्म, संस्था वा कम्पनीसँग लिने व्यवस्था मिलाएको छु । एम्बुलेन्स सेवा र बारुणयन्त्र संचालनको लागि सशस्त्र प्रहरीसँग सहकार्यको लागि पहल गरिने छ । सर्पदंश सेवा निरन्तरताको लागि नेपाली सेनासँग सहकार्य गरिने छ ।

५४. विद्युतीय भुक्तानी प्रणाली आजै देखि लागू गरिनेछ । वडा समिति र वडा अध्यक्षलाई बढी जिम्मेवार बनाईनेछ । वडाका सबै प्रकारका भुक्तानीमा वडा समितिको निर्णय र सिफारिस अनिवार्य गराई वडा अध्यक्ष र वडा सचिव दुवैबाट सबै प्रकारका भुक्तानी हुने बिल भरपाईहरुमा प्रमाणित गराइनेछ ।

५५. नगरको विकासलाई आधार बनाउदै निर्वाचन भएको मितिदेखि हालसम्म प्रत्येक वडामा भएको कामको वडा समितिले लगत तयार गरी २०७८ पुस मसान्तसम्म नगरमा पेश गरी भएको कामको समिक्षा र सार्वजनिकीकरण गरिनेछ ।

५६. यस क्षेत्रको समग्र विकासको फराकिलो आधार निर्माण गर्नका लागि प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिई योगदान गर्नुहुने जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजीवी, निजी क्षेत्र, नागरिक समाज, श्रमजीवी नागरिक, सञ्चारकर्मी, साझेदारी संघसंस्था र सम्पूर्ण नगरवासीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

५७. सभाबाट पारित भएका वडा स्तरिय योजना तथा कार्यक्रमहरुको रकमान्तर तथा संशोधन गर्दा विनियोजित बजेट रकम र खर्च शिर्षकमा हेरफेर नहुने गरी वडा समितिको सिफारिसमा वडाको कूल बजेटको १० प्रतिशत सम्म नगर प्रमुखबाट रकमान्तर तथा संशोधन र सो भन्दा बढी रकमान्तर तथा संशोधन गर्नु पर्ने भए कार्यपालिकाबाट गर्ने व्यवस्था मिलाएको छु ।

५८. आर्थिक व्ययभार हुने सबै कार्यक्रम तथा योजनाहरुको सम्झौता तथा कायदिशमा आर्थिक प्रशासन शाखाको परामर्श लिनु पर्ने व्यवस्था मिलाएको छु।

५९. अन्तमा, जीतपुरसिमरा उपमहानगरपालिकाको विकासका लागि संघ र प्रदेश सरकारको भूमिकाको अपेक्षा गरेका छौं । यीनै नीति तथा कार्यक्रमहरुको आधारमा आ. व. २०७८।०७९ को वार्षिक बजेट तथा कार्यक्रम उपप्रमुखबाट प्रस्तुत हुनेछ । यही नीति तथा कार्यक्रमको अधीनमा रही हाम्रा समग्र कामकारवाहीहरु अघि बढनेछन । प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयन भई कोभिड १९ को प्रभावबाट देखिएको महामारी

नियन्त्रण गरी नगरवासीको जीवनरक्षा, महामारी संकटबाट उत्पन्न हुनसक्ने खाद्य लगायत विभिन्न संकटको निवारण र शिथिल वनेको आर्थिक गतिविधिलाई पुनर्जीवन दिन सक्षम हुनेछ भन्ने विश्वास लिदै दीगो र सन्तुलित विकासका लागि दातृनिकायहरु, अन्तरराष्ट्रिय तथा स्थानीय गैरसरकारी तथा सामाजिक संघसंस्थालगायत सर्वपक्षीय सहयोगका निम्ति हार्दिक अपिल समेत गर्दछु ।

कृष्ण प्र. पौडेल

नगर प्रमुख